# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०३/११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु फतुवा विजयपुर नगरपालिका, रौतहटका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **शम्भु कुमार यादव** समेत ५ जना मु.नं (०८१-CR-०११४) फैसला मिति २०८२/१०/२७ | गैरकानुनी लाभ हानी पुर्याउने बद्नियतले कार्य गरी भ्रष्टाचार गरेको। | **आयोगको मागदावी**<br>• जिल्ला रौतहट फतुवा विजयपुर नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत शम्भु कुमार यादव, तत्कालिन सह-लेखापाल नविन कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रु. २,१२,२२५/- ( अक्षरुपी दुई लाख बाह्र हजार दुई सय पच्चिस मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन साथै फतुवा बिजयपुर नगरपालिकाबाट भुक्तानी लिने दिने प्रयोजनका लागि गोश्वांरा भौचर अनुसार काटिएका नगरपालिकाका चेकहरु निज प्रतिवादीहरु शम्भु कुमार यादव र नविन कुमार यादव समेतले केरमेट गरी सच्याई सच्याएको ठाउँमा दस्तखत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको देखिदा निज प्रतिबादीद्धयलाई सोही ऐनको दफा ११ बमोजिम सजाय हुन समेत मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>• तराई पोष्टका प्रतिनिधी ओम प्रकाश यादवले आफु समेतलाई गैर कानूनी लाभ र फतुवा विजयपुर नगरपालिका लाई गैर कानूनी हानि पुर्याउने वदनियत राखि पत्रिकामा सूचना प्रकाशन नै नगरी प्रकाशन गरेको भनि झुट्टा बिल भरपाई बनाउन लगाई यी प्रतिवादी आफुले रु.२,१२,२२५।-(अक्षरुपी दुई लाख बाह्र हजार दुई सय पच्चिस मात्र)को चेक नगरपालिकाबाट बुझि उक्त रकम भुक्तानी लिएको हुँदा निज प्रतिवादी ओम प्रकाश यादवलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको भ्रष्टाचारजन्य कार्य गरी नगद तथा गैरकानूनी लाभ प्राप्त गर्न र सो कसुर गरे वापत नगद रकम आफुले लिने कार्य गरी मतियारको भुमिका निभाएकोले सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारहरूलाई हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिवादी तराई पोष्टका प्रतिनिधि ओम प्रकाश यादवलाई | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरु शम्भुकुमार यादव र नबिनकुमार यादवले आरोपित कसूरमा ईन्कार भई बयान गरेको देखिएको र प्रस्तुत वातदातमा निज प्रतिवादीद्धयबाट बदनियतपुर्ण कार्य भएको नदेखिएको।<br>• प्रतिवादीहरु रामजी बगाले र रुपेन्द्र पटेलले आफ्नो दैनिक पत्रिकाहरुमा फतुवा विजयपुर नगरपालिकाको सूचनाको बोलपत्र तथा आशय सम्बन्धी सूचना प्रकाशन नगरेको भुक्तानी लिन पत्राचार तथा प्रतिनिधि समेत नखटाएको भनी कसुरमा इन्कार रही बयान गरेको र मिसिल संलग्न प्रमाण कागज समेतबाट आरोपदावी बमोजिमको कसुर निज प्रतिवादीहरुले गरेको भनि कसूर ठहर गर्ने अवस्था रहेको नदेखिएको। | • जिल्ला रौतहट फतुवा विजयपुर नगरपालिकाबाट आ.व.२०७८।०७९ मा वडा नं. ४ का कृषकहरुलाई औषधी छर्ने स्प्रेटंकी वितरणमा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा उक्त नगरकार्यपालिकाको कार्यालय, रौतहटको च.नं.१०९० मिति २०७८/१०/१८ को पत्रबाट जनसवाल राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकलाई संवोधन गरी स्प्रेटंकी खरीद सम्बन्धी मिति २०७८/१०/२० गतेको पत्रिकामा बोलपत्र सुचना प्रकाशन गर्नको लागी सूचनाको नमुनाको प्रति समेत राखी सूचना प्रकाशन गर्न र उक्त ठेक्काको बोलपत्र स्वीकृत भएको आशयको सूचना २०७८/११/२७ को पत्रिकामा प्रकाशित गरी दिन भनी तराई एक्सप्रेस दैनिक पत्रिकाका सम्पादकलाई संवोधन गरी निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी शम्भुकुमार यादवले हस्ताक्षर गरी च.नं.१५१५ मिती २०५८/११/१६ गते पत्राचार गरेको देखिन्छ। जनसवाल राष्ट्रिय दैनिक पत्रिका र तराई एक्सप्रेस दैनिक पत्रिकाको प्रतिनिधि प्रतिवादी ओम प्रकाश यादवले अनुसन्धानको क्रममा र अदालत समक्ष बयान गर्दा उक्त पत्रहरुमा भएको हस्ताक्षर आफ्नो हो र उक्त पत्रहरु म ओम प्रकाश यादवले बुझिलिएको हो भनि भन्ने तथ्यलाई स्विकार गरेको देखिन्छ। निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी शम्भुकुमार यादवले हस्ताक्षर गरी च.नं.१५१५ मिती २०५८/११/१६ गते पत्राचार गरेको सोही पत्रहरुको आधारमा उल्लिखित सूचनाहरु प्रकाशित भएको भनि उक्त नगरकार्यपालिकाको कार्यालयमा यि प्रतिवादी ओम प्रकाश यादवले नै भुक्तानीको लागी पेश गरि निज ओम प्रकाश यादबले नै नगरपालिकावाट रु २,१२,२२५।- भुक्तानी लिएको देखिन्छ। उक्त निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी शम्भुकुमार यादवले हस्ताक्षर गरी च.नं.१५१५ मिती २०५८/११/१६ गते पत्राचार गरेको विषयमा उक्त दैनिक पत्रिकाहरुमा सूचना प्रकाशन भएको छ छैन भन्ने सन्दर्भमा प्रेस काउन्सिल नेपालमा बुझ्दा उक्त मितिमा फतुवा विजयपुर नगरपालिकाको बोलपत्र तथा स्वीकृतिको आशयको कुनै सूचना प्रकाशन भएको देखिदैन भनी च.नं.६८२, मिति २०८१।०६।२० मा पत्राचार गरेको देखिन्छ।मिती २०७८/११/२९ मा तराई पोष्ट साप्ताहिकको तर्फबाट प्रतिनिधी ओम प्रकाश यादवले हस्ताक्षर गरी फतुवा विजयपुर नगरपालिकाका कार्यालय प्रमुखलाई संवोधन गरी वोलपत्र स्वीकृत भएको आशयको सूचना प्रकाशन भए वापतको रु.४०,०००/-(अक्षरुपी चालिस हजार मात्र) भुक्तानीका लागि तराई पोष्टको बिल नं ९० र ९२ संलग्न राखी पेश गरेको देखिन्छ।सो रकम फतुवा विजयपुर नगरपालिकाले गो.भौ.नं. २३६ मिति २०७८/११/३० बाट रु.४०,०००/- मा कर कट्टी गरी हुने रु. ३९,४००/-(अक्षरुपी उनान्चालिस हजार चार सय मात्र) तराई पोष्टको तर्फबाट प्रतिनिधि ओम प्रकाश यादवले बुझि लिएको देखिन्छ।उक्त रकम भुक्तानीका लागि तयार पारिएको गोश्वांरा भौचरमा भुक्तानी पाउनेको नाम तराई पोष्ट उल्लेख भएकोमा गोश्वांरा भौचर अनुसारको भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी शम्भु कुमार यादव र सह लेखापाल प्रतिवादीनविन कुमार यादवको हस्ताक्षरले काटिएको चेकमा शुरुमा तराई पोष्ट भएता पनि सो चेकमा तराई पोष्टको नाम काटि ओम प्रकाश यादवको नाम लेखि प्रमुख प्रशासकीय अधिकृत शम्भु कुमार यादव र सहलेखापाल नविन कुमार यादवले दस्तखत गरि सो रकम समेत सिद्धार्थ बैंकको ओम प्रकाश यादवको व्यक्तिगत खातामा जम्मा भएको मिसिल संलग्न Nepal Clearing House को Cheque Information Report बाट देखिन्छ भने उक्त रकम आफूले प्राप्त गरेको भनी तराई पोष्टका प्रकाशक रुपेन्द्र पटेलले बयानमा उल्लेख गरेको देखिन्छ।त्यसै गरी जनसवाल राष्ट्रिय दैनिक पत्रिकाका सम्पादक प्रतिवादी रामजी बगालेले बोलपत्र ओह्वानको सूचना प्रकाशित गरिदए वापत मिति २०७०।११।१० मा हस्ताक्षर गरी बिल नं. १७० बाट उक्त सूचना प्रकाशन नै नगरि एक प्रति झुट्टा पत्रिका पेश गरी रु.१,७२,८२५।-(अक्षरुपी एक लाख बहत्तर हजार आठ सय पच्चिस मात्र) माग गरेको देखिन्छ र सोही आधारमा प्रतिवादीहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुख्य कसूरदार सरह सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• जनसवाल पब्लिकेशन प्रा.लि.तथा उक्त कम्पनीका सम्पादक प्रतिवादी रामजी बगाले आफू समेतलाई गैर कानूनी लाभ र फतुवा विजयपुर नगरपालिका लाई गैर कानूनी हानि पुऱ्याउने बदनियत राखि प्रकाशन नै नगरिएको सूचना प्रकाशन गरे वापत झुट्टा बिल भरपाईको आधारमा रु.१,७२,८२५।–(अक्षरुपी एकलाख बहत्तर हजार आठ सय पच्चिस मात्र) भुक्तानी लिएको पाईएको हुँदा जनसवाल पब्लिकेशन प्रा.लि.तथा उक्त कम्पनीका सम्पादक रामजी बगालेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने,सो कसुर गरे वापत नगदी लाभ उपलब्ध गराई दिने मतियारको भुमिका निभाएकोले सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिवादी जनसवाल पब्लिकेशन प्रा.लि.तथा उक्त कम्पनीका सम्पादक रामजी बगालेलाई मुख्य कसूरदार सरह सजाय गरी बिगो असुल उपर हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• तराई पोष्टका प्रकाशक रुपेन्द्र पटेलले आफू समेतलाई गैर कानूनी लाभ र फतुवा विजयपुर नगरपालिका लाई गैर कानूनी हानि पुऱ्याउने वदनियत राखि प्रकाशन नै नगरिएको सूचना प्रकाशन गरे वापत झुट्टा बिल भरपाईका आधारमा रु.३९,४००।–(अक्षरुपी उनान्चालिस हजार चार सय मात्र) भुक्तानी लिएको तथ्य पुष्टि हुन आएकोले पाईएको हुँदा निज तराई पोष्टका प्रकाशक रुपेन्द्र पटेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिवादी तराई पोष्टका प्रकाशक रुपेन्द्र पटेललाई मुख्य कसूरदार सरह सजायं | | शम्भु कुमार यादव समेतका प्रतिवादीहरुको आपसी मिलेमतोमा वोलपत्र आह्वानको सूचना प्रकाशन गरेको भनी उक्त सूचना प्रकाशन नै नगरी दुवै पत्रिकामा सुचना प्रकाशित गरेको भनी उक्त पत्रिकाहरुको नाममा जारी गरेको चेकलाई केरमेट गरी उक्त चेकहरु प्रतिवादी ओम प्रकाश यादव नाममा चेक जारी गरी प्रतिवादी शम्भुकुमार यादव र नविन कुमार यादवले केरमेट भएको ठाउँमा हस्ताक्षर समेत गरी दुवै चेक मार्फत जम्मा रु. २,१२,२२५/- ( अक्षरुपी दुई लाख बाह्र हजार दुई सय पच्चिस रुपैयाँ) भुक्तानी दिएको देखिन्छ । यसरी यि प्रतिवादीहरु जिल्ला रौतहट फतुवा विजयपुर नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत शम्भु कुमार यादव, तत्कालिन सह-लेखापाल नविन कुमार यादवले नगरपालिकाको सुचनाहरु पत्रिकामा प्रकाशन भएको छ छैन भन्ने विषयमा सावधानी पुर्वक जाँचबुझ (Duty of Care) गरि भुक्तानी गर्नु पर्नेमा अन्य प्रतिवादीहरुसँग मिलेमतो गरि आफूहरुलाई गैर कानूनी लाभ र फतुवा विजयपुर नगरपालिका लाई गैर कानूनी हानि पुऱ्याउने बदनियतले दैनिक पत्रिकामा सुचना नै प्रकाशन नभएको अवस्थामा भुक्तानी दिई भ्रष्टाचारजन्य कसुर गरेको तथ्य पुष्टि भई रहेको अवस्था देखिदा देखिदै उक्त प्रमाणहरुको शुक्ष्म विश्लेषण नगरि प्रतिवादीहरु शम्भुकुमार यादव र नविनकुमार यादवलाई आरोप दावीबाट सफाई दिने गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• जनसेवा पब्लिकेशन प्रा.लि.का सम्पादक प्रतिवादी रामजी बगाले र तराई पोष्टका प्रकाशक प्रतिवादी रुपेन्द्र पटेलले अदालत समक्ष इन्कारी बयान दिएतापनि विजयपुर नगरपालिकाबाट आ.ब. २०७८/०७९ मा स्प्रेटंकी खरीद गर्ने सम्बन्धि वोलपत्र आह्वानको सूचना प्रकाशित गरी दिन जनसवाल राष्ट्रिय दैनिक पत्रिकालाई फतुवा बिजयपुर नगरपालिकाबाट पत्राचार भएकोमा **जनसवाल पब्लिकेशन प्रा.लि.का सम्पादक प्रतिवादी रामजी बगालेले** मिति २०७०/११/१० मा आफैले दस्तखत गरी बिल न. १७० बाट रु.१,७५,१५०।-(अक्षरुपी एक लाख पचहत्तर हजार एक सय पचास मात्र) को बिल संलग्न गरी उक्त सूचना जनसवाल राष्ट्रिय दैनिकमा मिति २०७८/१०/२० मा प्रकाशन भएको भनि १ प्रति पत्रिका संलग्न राखी भुक्तानी माग गरेको देखिन्छ।निजले बयानको क्रममा आफुले विल पेश गरेको स्वीकार गरी उक्त विललाई कम्पनिले भ्वाईड गरेको छ भनि उल्लेख गरेको भएतापनि आन्तरीक राजस्व विभागले उक्त जनसवाल पब्लिकेशन प्रा.लि. बाट फतुवा विजयपुर नगरपालिकामा मिति २०७८/११/१० मा जारी गरेको विल नं १७० सक्कल भएको र भ्वाईड गरेको नदेखिएको भनी पत्राचार गरेको देखिंदा यी प्रतिवादी रामजी बगालेले आफू समेतलाई गैर कानूनी लाभ र फतुवा विजयपुर नगरपालिका लाई गैर कानूनी हानि पुऱ्याउने वदनियत राखि अन्य प्रतिवादीहरुसँग आपसी मिलेमतो गरी सूचना प्रकाशन नै नगरिएको सूचना प्रकाशन गरे भनी झुट्टा बिल भरपाईको आधारमा रु.१,७२,८२५।-(अक्षरुपी एकलाख बहत्तर हजार आठ सय पच्चिस मात्र) आफ्नो प्रतिनिधि ओमप्रकाश यादव मार्फत भुक्तानी लिएको देखिदा निज प्रतिवादी विरुद्धको आरोप दावी पुष्टि भएको देखिन्छ।अर्का प्रतिवादी **तराईपोष्टका प्रकाशक रुपेन्द्र पटेलले** उक्त स्प्रेटंकी खरीद सम्बन्धि वोलपत्र आह्वान भएकोमा बोलपत्र स्वीकृत भएको आशयको सूचना प्रकाशन गर्न तराई एक्सप्रेस दैनिकलाई फतुवा विजयपुर नगरपालिकाबाट पत्राचार गरिएकोमा उक्त पत्रिकामा बोलपत्र स्वीकृत भएको आसयको सूचना नै प्रकाशन नगरी सूचना तपाईको पत्रिका दैनिकमा प्रकाशन भएको भनि एक प्रति पत्रिका राखि तराई पोष्टको विल नं ९० र ९२ मा निज आफैले दस्तखत गरेको देखिन्छ भने निजले उक्त सूचना तराई एक्सप्रेस दैनिकमा नभई तपाईको पत्रिकामा प्रकाशित भएको हो सो वापतको रकम आफूले भुक्तानी पाएको भनी स्वीकार गरी अनुसन्धानको क्रममा बयानको गरेको देखिंदा निज प्रतिवादी रुपेन्द्र पटेल समेतले आफू समेतलाई गैर कानूनी लाभ र फतुवा विजयपुर नगरपालिका लाई गैर कानूनी हानि पुऱ्याउने वदनियत राखि प्रतिवादी शम्भुकुमार यादव समेतका प्रतिवादीहरुसँग आपसी मिलेमतो गरी प्रकाशन नै नगरिएको सूचना प्रकाशन गरे वापत झुट्टा बिल भरपाईका आधारमा रु.३९,४००।-(अक्षरुपी उनान्चालिस हजार चार सय मात्र) भुक्तानी लिएको देखिंदा यि प्रतिवादीहरु रामजी बगाले र रुपेन्द्र पटेलले मूल प्रतिवादीहरु शम्भुकुमार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी बिगो असुल उपर हुन साथै, प्रतिवादीहरु शम्भु कुमार यादव, नबिन कुमार यादव, जनसवाल पब्लिकेशन प्रा.लि.तथा उक्त कम्पनीका सम्पादक रामजी बगाले, तराई पोष्टका प्रकाशक रुपेन्द्र पटेल र तराई पोष्टका प्रतिनिधि ओम प्रकाश यादवबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रस्तुत मुद्दामा विशेष अदालतबाट प्रतिवादी मध्येका ओमप्रकाश यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसूर अपराध गरेको देखिंदा निज प्रतिवादी ओमप्रकाश यादवलाई सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ङ) र दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर अपराधमा सोही दफा बमोजिम ६ महिना कैद र बिगो रु.२,१२,२२५।–जरिबाना गरी सोही बिगो रु. २,१२,२२५।– निजबाट असुल गर्नु पर्ने समेत ठहर्छ। साथै अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ बमोजिम सो बिगो रकमको चार प्रतिशतले हुन आउने रकम रु.८,४८९।– क्षतिपूर्ति शुल्क बापत अपराध पीडित संरक्षण कोषमा निज प्रतिवादीले दाखिला गर्नु पर्ने समेत ठहर्छ। प्रतिवादीहरु शम्भुकुमार यादव, नविनकुमार यादव, रामजी बगाले र रुपेन्द्र पटेल समेतले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर भई विशेष अदालतबाट फैसला भएको देखिन्छ। | | यादव र नविनकुमार यादवसँग आपसी मिलेमतो गरी मूल प्रतिवादीहरुको भ्रष्टाचारजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको उल्लिखित तथ्य प्रमाणहरुबाट पुष्टि भई रहेको अवस्थामा यि प्रतिवादीहरु रामजी बगाले, रुपेन्द्र पटेल र जनसेवा पब्लिकेशन प्रा.लि.लाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिदा बदर योग्य छ।<br>• प्रस्तुत मुद्दामा वारदात भएको तथ्य स्वीकार गरी विशेष अदालत, काठमाडौंबाट मूल कसूर (principal offence) अन्तर्गत मुख्य कसूरदारहरू शम्भुकुमार यादव र नविनकुमार यादवलाई सफाई दिई केवल मतियार (abettor/accomplice) लाई मात्र सजाय गर्नु न्यायशास्त्रीय, दण्डविज्ञान तथा फौजदारी विधिशास्त्रका आधारभूत सिद्धान्त विपरीत देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ अन्तर्गतको "मतियार" सम्बन्धी कसूर स्वतन्त्र मूल कसूर नभई मुख्य कसूरसँग आश्रित (dependent liability) प्रकृतिको कसूर हो। त्यसैले मूल कसूर नै स्थापित नभएको अवस्थामा केवल मतियारलाई सजाय गर्न मिल्दैन। मतियारको आपराधिक दायित्व स्वतन्त्र रूपमा होइन, मुख्य कसूरदारद्वारा गरिएको मूल कसूर (principal offence) मा आश्रित रहन्छ, जब अदालतले मुख्य कसूरदारले नै कसूर नगरेको ठहर गर्छ भने सोही कसूरमा मतियारको भूमिका स्वतः समाप्त हुन्छ। फौजदारी न्यायशास्त्रको मान्य सिद्धान्त अनुसारः"There can be no abetment without a principal offence."अर्थात् मूल कसूर नै प्रमाणित नभएमा मतियारको कसूर स्वतः कायम रहन सक्दैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ ले "मुख्य कसूरदारलाई हुने सजाय" को आधारमा मतियारलाई सजाय गर्ने व्यवस्था गरेको अवस्थामा मतियारको दायित्व मुख्य कसूरदारको दायित्वमा आधारित रहेको स्पष्ट हुँदा हुँदै विशेष अदालतले प्रस्तुत मुद्दाको वारदात भएको स्वीकार गरी मुख्य कसूरदार शम्भुकुमार यादव र नबिनकुमार यादवलाई नै सफाई दिई केवल मतियारको कसूरमा ओमप्रकाश यादवलाई मात्र दोषी ठहर गर्नु कानूनको गलत प्रयोग (misapplication of law) भई प्रस्तुत फैसला विधियिकीय मनसाय विपरित भएकोले वदरभागी रहेको छ ।<br>• मतियारको दायित्व derivative liability अर्थात् व्युत्पन्न दायित्व हो। यसको अस्तित्व मुख्य अपराधबाट उत्पन्न हुन्छ। यदि मुख्य अपराध नै अदालतले अस्वीकार गऱ्यो भने मतियारको कसूर कायम रहन सक्दैन,अन्यथा दायित्वको आधार (foundation of liability) नै समाप्त हुन्छ। यो सिद्धान्त Common Law Jurisprudence तथा नेपाली फौजदारी न्याय सम्बन्धी विधिशास्त्र दुवैले स्वीकार गरेको अवस्थामा अदालतले मुख्य कसूरदारले भ्रष्टाचार नगरेको,तर मतियारले भ्रष्टाचारमा सहयोग गरेको भन्ने निष्कर्ष निकालेको देखिन्छ। यस्तो फैसला न्यायिक तर्क (judicial reasoning) को आधारभूत मापदण्ड विपरीत हुन्छ। मतियार ठहर गर्न निम्न कुरा अनिवार्य रूपमा स्थापित हुनुपर्छः मूल कसूर भएको, मुख्य कसूरदारको संलग्नता रहेको, मतियारले सो कसूरमा सहयोग/उक्साहट/सहमति दिएको। यसको लागि अदालतले पहिलो र दोस्रो तत्व नै अस्वीकार गरि मतियारको कसुर मात्र ठहर गर्नु न्यायको मान्य सिद्धान्त विपरित हुन्छ। यसरी प्रस्तुत मुद्दामा वारदात भएको स्वीकार गरी मूल कसुरदार प्रतिवादी शम्भुकुमार यादव समेतले कसुर गरेको पुष्टि हुने मिसिल संलग्न तथ्य प्रमाणहरुलाई नजर अन्दाज गरी केवल मतियार मध्येका प्रतिवादी ओमप्रकाश यादवलाई मात्र कसुर ठहर गरी फैसला गर्नु गम्भीर कानूनी त्रुटि भएकोले उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुबाट विशेष अदालत काठमाण्डौबाट प्रतिवादी शम्भु कुमार यादव समेतलाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला बदर गरि प्रतिवादी शम्भु कुमार यादव, नविनकुमार यादव, रामजी बगाले, रुपेन्द्र पटेल र जनसवाल पब्लिकेशनलाई आरोप पत्र मागदावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ। |